श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (चौथो संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा २ मा संशोधन : स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन् :–

"(ग) "मतदाता" भन्नाले देहायका पदको निर्वाचनमा देहायका व्यक्तिहरू सम्झनु-पर्छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा तथा नगर पञ्चायतका सदस्य पदको हकमा गाउँ वा नगर पञ्चायत क्षेत्रका सम्बन्धित वडाका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो क्षेत्रमा गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ को खण्ड (ङ) वा नगर पञ्चायत ऐन, २०१९ को दफा २ को खण्ड (क४) बमोजिम बसोबास गरेका नेपाली नागरिकहरू,

(२) गाउँ वा नगर पञ्चायतको प्रधानपञ्च तथा उप-प्रधानपञ्च पदको हकमा गाउँ वा नगर पञ्चायतका सबै वडाहरूका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो वडाहरूमा गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ को खण्ड (ङ) वा नगर पञ्चायत ऐन, २०१९ को दफा २ को खण्ड (क४) बमोजिम बसोबास गरेका नेपाली नागरिकहरू,

(३) जिल्ला सभाका सदस्य पदको हकमा नगर सभाका सदस्यहरू,

(४) जिल्ला पञ्चायतका सदस्य पदको हकमा प्रत्येक इलाकाका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो जिल्लामा गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ को खण्ड (ङ) वा नगर पञ्चायत ऐन, २०१९ को खण्ड (क४) बमोजिम बसोबास गरेका नेपाली नागरिकहरू, र

(५) जिल्ला पञ्चायतको सभापति तथा उप-सभापति पदको हकमा सम्बन्धित जिल्लाका सबै इलाकाहरूका गाउँ पञ्चायत तथा नगर पञ्चायतका सदस्यहरू र जिल्ला पञ्चायतका सदस्यहरू ।

स्पष्टीकरण :– "गाउँ वा नगर पञ्चायतको सदस्य" भन्नाले गाउँ वा नगर पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च समेतलाई जनाउँछ ।

(घ) "उम्मेदवार" भन्नाले देहायको पदको लागि निर्वाचनमा खडा हुने देहायका व्यक्ति सम्झनुपर्छ:–

(१) गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा तथा नगर पञ्चायतको सदस्यताको निमित्त सम्बन्धित वडाको मतदाता,

(२) गाउँ वा नगर पञ्चायतको प्रधानपञ्च तथा उप-प्रधानपञ्चको निमित्त गाउँ वा नगर पञ्चायतका सबै वडाहरूका मतदाता,

(३) जिल्ला सभाको सदस्यताको निमित्त सम्बन्धित नगर पञ्चायतको सदस्य,

(४) जिल्ला पञ्चायतको सदस्यको निमित्त सम्बन्धित जिल्लाको सम्बन्धित इलाकाभित्रको गाउँ तथा नगर पञ्चायतका सदस्य,

४६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) जिल्ला पञ्चायतको सभापति तथा उप-सभापतिको निमित्त सम्बन्धित जिल्लाका सबै इलाकाहरूका गाउँ वा नगर पञ्चायतका सदस्य ।"

३. मूल ऐनको दफा ५ख. मा संशोधन : मूल ऐनको दफा ५ख. को उप-दफा (१) को खण्ड (झ) झिकिएको छ ।

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को,–

(१) उप-दफा (१) को सट्टा देहायका उप-दफा (१) राखिएको छ:–

"(१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले दफा ४ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र आफै उपस्थित भै वा अख्तियार प्राप्त वारिस पठाई निर्वाचन अधिकृतले तोकेको ढाँचामा निज समक्ष दरखास्त दिनु पर्नेछ ।"

(२) उप-दफा (१) पछि देहायको उप-दफा (१क) र (१ख) थपिएका छन्:–

"(१क) उप-दफा (१) बमोजिम दरखास्त दिंदा आफ्नो दरखास्तमा उम्मेदवारले देहायको पदको लागि मतदाताहरूमध्येबाट देहायबमोजिम प्रस्तावक र समर्थकहरूको सहिछाप गराएको हुनु पर्नेछ:–

| | |
|---|---|
| (क) गाउँ सभा वा नगर सभाको सदस्य पदको लागि– | ५ जना प्रस्तावक<br>५ जना समर्थक |
| (ख) गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्य पदको लागि– | १० जना प्रस्तावक<br>१० जना समर्थक |
| (ग) गाउँ पञ्चायत वा नगर पञ्चायतको प्रधानपञ्च तथा उप-प्रधानपञ्च पदको लागि– | २० जना प्रस्तावक<br>२० जना समर्थक |
| (घ) जिल्ला पञ्चायतको सदस्य पदको लागि– | १५ जना प्रस्तावक<br>१५ जना समर्थक |
| (ङ) जिल्ला पञ्चायतको सभापति तथा उप-सभापति पदको लागि– | ५ जना प्रस्तावक<br>५ जना समर्थक |

(१ख) कुनै निर्वाचनमा कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थक भई सकेको वा आफै उम्मेदवार भएको व्यक्ति सोही निर्वाचनमा सोही पदको लागि खडा हुने अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक भएको दरखास्तलाई मान्यता दिइने छैन ।"

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनमा दफा ६क. थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ:–

“६क. धरौट राख्नु पर्ने : (१) गाउँ पञ्चायत र नगर पञ्चायतको प्रधानपञ्च वा उप-प्रधान-पञ्च पदको लागि दरखास्त दिंदा उम्मेदवारले पचास रूपैयाँ र जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य पदको लागि दरखास्त दिंदा उम्मेदवारले एकसय रूपैयाँ धरौट राख्नु पर्नेछ।

(२) निर्वाचनमा विजयी हुने उम्मेदवारले पाएको जम्मा मतको दश प्रतिशत भन्दा घटी मत पाएमा उप-दफा (१) बमोजिम राखिएको धरौट जफत हुनेछ।”

६. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ:–

“२३. निर्वाचनको परिणामको घोषणा : (१) मतगन्ती सकिने बित्तिकै निर्वाचन अधिकृतले प्रत्येक उम्मेदवारले पाएको मतको कुल संख्या चढाई परिणाम तालिका तयार गर्नेछ र साधारण बहुमतको आधारमा निर्वाचनको परिणाम घोषणा गर्नेछ।

तर मतदानमा सबभन्दा बढी मत पाउने दुई वा दुईभन्दा बढी उम्मेदवारहरूको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली निर्णय गर्नेछ।

(२) उप-दफा (१) बमोजिम निर्वाचनको परिणाम घोषणा गरेपछि निर्वाचन अधिकृतले त्यसको सूचना निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ।”

लालमोहर सदर मिति:– २०३६।७।२६।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।